# नेपाल | NEPAL

Other Countries and Regions Monitored

संयुक्त राज्यको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता आयोग (USCIRF) सन् 1998 मा अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता ऐन (IRFA) द्वारा सिर्जना गरिएको एउटा द्विपक्षीय संयुक्त राज्य संघीय सरकार आयोग हो जसले धार्मिक वा स्वतन्त्र आस्थाको सर्वव्यापी स्वतन्त्रतालाई अनुगमन गर्छ। USCIRF ले धार्मिक स्वतन्त्रता वा स्वतन्त्र आस्थामा हुने हिंसाहरूलाई अन्तर्राष्ट्रिय मानदण्डहरू प्रयोग गरी अनुगमन गर्दछ र राष्ट्रपति, राज्यको सचिव र कंग्रेसलाई नीति सिफारिसहरू गर्ने गर्दछ। USCIRF राज्य विभाग भन्दा फरक र अलग अस्तित्व भएको संस्था हो। आयुक्त र पेशेवर कर्मचारीले आधारमा भएका दुर्व्यवहारको कागजात बनाउन र संयुक्त राज्य सरकारलाई स्वतन्त्र सिफारिसहरू गर्नका 2017 को वार्षिक प्रतिवेदनले वर्षभरिको कामलाई प्रतिनिधित्व गर्छ। 2017 को वार्षिक प्रतिवेदनले पात्रो वर्ष 2016 देखि फेब्रुअरी 2017 सम्मलाई समेट्छ, यद्यपि केही अवस्थाहरूमा यस समयावधि पश्चात घटेका घटनाहरू उल्लेख गरिएका छन्। USCIRF को बारेमा थप जानकारीका लागि, वेबसाइट यहाँ हेर्नुहोस् वा USCIRF लाई सिधै 202-786-0611 मा फोन गर्नुहोस्।

## नेपाल

***मुख्य पत्ता लागेका कुराहरू:*** नोभेम्बर 2016 मा USCIRF का कर्मचारीले राष्ट्रमा भएको धार्मिक स्वतन्त्रताका अवस्थाहरूलाई मूल्याङ्कन गर्न पहिलोपटक नेपाल भ्रमण गरेको थिए। ऐतिहासिक रूपमा, क्रिस्चियन, मुस्लिम र बौद्धहरू सहित अल्पसंख्यक धार्मिक समुदायहरूले नेपालमा धार्मिक स्वतन्त्रता वा विश्वासमा केही मात्रामा सरकारी प्रतिबन्धहरूको सामना गरेका थिए र सामाजिक उत्पीडन कम थियो। यद्यपि, सेप्टेम्बर 2015 मा जारी गरिएको नयाँ संविधानले व्यक्तिलाई अर्को धर्ममा परिवर्तन गराउनुलाई अपराध मान्छ। यसले गाईलाई राष्ट्रिय जनावरको रूपमा घोषणा गरेको छ, जसमा केही अधिकारीहरूले विद्यमान दण्ड आचारसंहिता अनुसार गाईको हत्या गर्ने वा गाईबाट उत्पादित वस्तुहरूको उपभोग वा बिक्रीलाई अपराध ठानेर गाईलाई स्थापित गरेको छ भनी व्याख्या गरेकाछन्। दुबै संवैधानिक प्रावधानहरूले क्रिस्चियन र मुस्लिम समुदायहरूमा महत्त्वपूर्ण चिन्ताहरू थपेको छ। यसका अतिरिक्त, नेपाल सरकारको धार्मिक स्वतन्त्रता र मानव अधिकारहरूमा भएका कदमहरूमा भारत र चीन सरकारको राजनीतिक दबावले नकारात्मक रूपमा प्रभाव पारेकोमा क्रिस्चियन, मुस्लिम र बौद्धहरू थप चिन्तित छन्। साथसाथै, हिन्दु दलितका साथै धार्मिक अल्पसंख्यक समुदायहरू राष्ट्रमा बढ्दो हिन्दु राष्ट्रियकरणले चिन्तित छन्, उनीहरू ठान्दछन् कि धार्मिक तथा जातिय सद्भावलाई चुनौतिपूर्ण हुनसक्छ।

***सिफारिसहरू:*** यसको नेपालसँगको संलग्नतामा, USCIRF ले संयुक्त राज्य अमेरिकी सरकारले नेपाललाई (1) धर्म परिवर्तन र गाईसँगको व्यवहारलाई अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रताको मापदण्डहरू अनुसार ल्याउन आफ्नो संवैधानिक र कानूनी प्रावधानहरूलाई निष्प्रभाव गर्न वा परिवर्तन गर्न र (2) चीनमा धार्मिक उत्पीडनबाट भागेका तिब्बती बौद्ध धर्मावल्मबीहरूलाई स्वतन्त्र रूपमा यात्रा गर्दै नेपाल हुँदै भारतमा धार्मिक अभ्यास र आराधना गर्न नेपाल एउटा सुरक्षित आश्रय प्रदान गराउन दबाव देओस् भन्ने सिफारिस गर्छ।

***पृष्ठभूमि:*** नेपालको जनसंख्या 30 मिलियन भएको अनुमान छ। राष्ट्रको सन् 2011 को राष्ट्रिय जनगणनाले कूल जनसंख्याको 81.3 प्रतिशत हिन्दु; 9 प्रतिशत बौद्ध; 4.4 प्रतिशत मुस्लिम; 1.4 प्रतिशत क्रिस्चियन र बाँकी

3.9 प्रतिशत मिश्रित रूपमा किराँत (हिन्दु प्रभावित आदिवाशी धार्मिक अनुयायीहरू), बोन (तिब्बती धार्मिक परम्पराका अनुयायीहरू), जैन, बाहा इज, सिख र अन्य भएको देखाउँछ।

अन्य दक्षिण एसियाका राष्टहरू उपनिवेश भएतापनि नेपाल कहिल्यै पनि उपनिवेश भएन र 240 वर्षसम्म सार्वभौम रह्यो। हिन्दु रोयलिस्ट र माओवादी विद्रोहीबीचको युद्ध सन् 2007 मा समाप्त भएपछि सन् 2008 मा राष्ट सङ्घीय र धर्मनिरपेक्ष बनेको छ। सेप्टेम्बर 2015 मा लागू गरिएको हालको संविधानले राष्ट्रको संघीय र धर्मनिरपेक्ष पहिचानलाई कायम राखेको छ। यसले प्रत्येक व्यक्तिलाई आफ्नो धर्म स्वीकार गर्ने, अपनाउने र संरक्षण गर्ने अधिकार र प्रत्येक धार्मिक समुदायको आफ्नो धार्मिक स्थानहरू कायम राख्ने र व्यवस्थित गर्ने तथा कानून अनुसार विश्वास राख्ने अधिकार सुरक्षित गरेको छ।

संविधान मस्यौदाको लेखनको अवधिमा छिमेकी राष्ट्रहरू भारत र चीनले नेपाललाई राजनीतिक र धार्मिक रूपमा दबाव दिन नजिकबाट हेरेका थिए। हिन्दु राष्ट्रिय भारतीय जनता पार्टीको स्व-नेतृत्वमा रहेको भारत सरकारले र केही भारतीय हिन्दु राष्ट्रवादीहरूले नेपाल थेअक्रटिक हिन्दु राष्ट्र भनी बलियो हिन्दु राष्ट्र हो भनेर वकालत गरेको छन्। हिन्दुत्व (”हिन्दुवादी”) विचारधारामा सदस्यता लिएका हिन्दु राष्ट्रवादीहरूले नेपालाई हिन्दुत्व र हिन्दुका मूल्य मान्यताहरू भएको राष्ट्र बनाउन खोज्छन्। यस विचारधाराको पालना गर्ने केही व्यक्ति र समूहहरूले अल्पसंख्यक धार्मिक समुदायहरू प्रति हिंसा प्रयोग गर्ने, विभेदकारी व्यवहार गर्ने, धार्मिक रूपमा व्याख्या गर्ने र डरको वातावरण बनाउने र राष्ट्रमा गैर-हिन्दुलाई स्वागत नगर्ने भनी चिनिन्छ। साथसाथै, चीनले कम्युनिस्ट वा धर्मनिरपेक्ष राज्यको वकालत गरेको छ र नेपालाई दलाई लामालाई अस्वीकार गर्न र तिब्बत बुद्धिस्टहरूलाई आप्रवासी हुन वा नेपालमा यात्रा गर्न वा नेपाल हुँदै भारत जान प्रतिबन्ध गर्न दबाव दिएको छ।

***क्रिस्चियनहरूका चिन्ताहरू:*** अगाडि नै उल्लेख गरिएअनुसार 2015 को संविधानले राष्ट्रको आपराधिक कानूनद्वारा अपराधी घोषित व्यक्ति “अर्को व्यक्तिलाई एउटा धर्मबाट अर्को धर्ममा परिवर्तन गराउने कुनै कार्य वा अर्काको धर्मलाई कमजोर बनाउने वा खतरामा पुऱ्याउने कुनै पनि कार्य वा व्यवहार” हरूलाई जरिवानादेखि लिएर पाँच वर्षसम्मको जेल सजाय दिइने प्रावधान समावेश छ। धर्म वा विश्वासको स्वतन्त्रताका अन्तर्राष्ट्रिय मानदण्डहरूले एउटाको धर्म वा विश्वासहरूलाई छनोट, परिवर्तन वा सार्वजनिक रूपमा व्यक्त गर्न पाउने स्वतन्त्रताहरू संरक्षण गर्छन् जसमा अर्को व्यक्तिलाई स्वेच्छापूर्वक धर्म परिवर्तन गर्न राजी गराउन अभिप्रेरित अभिव्यक्ति समावेश हुन्छ। क्रिस्चियन अल्पसंख्यक समुदायहरूले नोभेम्बर 2016 मा USCIRF लाई स्थानीय सरकार र प्रहरी अधिकारीहरूले संवैधानिक प्रावधानमा जबरजस्ती धर्म परिवर्तनलाई अपराध भनी व्याख्या गरेका छन्। क्रिस्चियन समुदायहरूले संविधान लागू भएदेखि तिनीहरूलाई उत्पीडन बढ्दो छ र केही मुद्दाहरूमा तिनीहरूलाई हिन्दुलाई विशेष गरी दलित हिन्दुलाई परिवर्तन गराएको अभियोगमा हिरासतमा लिइएको थियो। उदाहरणका लागि जुन 2016 मा उत्तरी नेपालको दोलखामा केही क्रिस्चियनहरूलाई पक्राउ गरिएको थियो। लगभग छ महिना दोषी सजाय पूरा गरिसकेपछि तिनीहरूलाई सजाय मुक्त गरिएको थियो।

क्रिस्चियन संभाषीहरूले पनि हिन्दु राष्ट्रवादी राजनीतिक दल अर्थात हिन्दु राज्य खोजिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टी सहितको नेपालमा क्रिस्चियन विरूद्धका कथनहरूको चिन्ताहरू देखाएका छन्। यो डर झापा जिल्लामा तीनवटा चर्चमा सन् 2015 मा भएको बम हमलाले अझ उच्च बनाएको थियो जसमा तीनजना स्वयं कथित हिन्दु राष्ट्रवादीलाई पक्राउ गरी थुनिएको थियो। अप्रिल 2016 मा क्रिस्मसमा दिइएको राष्ट्रिय बिदालाई रद्द गर्न हिन्दु राष्ट्रवादीहरूले दबाव दिएको पनि समुदायले प्रतिवेदन गरेको छ। यद्यपि, धेरै घरेलू तथा अन्तर्राष्ट्रिय कडा विरोध भएतापनि डिसेम्बर 23, 2016 मा सरकारले क्रिसमसलाई राष्ट्रिय बिदाको रूपमा घोषणा गऱ्यो।

***मुस्लिमका चिन्ताहरू:*** हिन्दु दलितहरूका साथै मुस्लिम समुदायले USCIRF लाई संविधानमा भएको गाईको हत्या, गाईको छालाबाट उत्पादित वस्तुहरूको उपभोग वा बिक्रीलाई अपराधपूर्ण भनी व्याख्या गरेका सम्बन्धमा आफ्ना चिन्ताहरू उठाएका छन्। हालको अपराधिक प्रावधानले गाईको हत्या गरेमा 20 वर्षसम्म जेल सजाय हुने व्यवस्था छ जुन धेरै मुस्लिमहरूलाई इद-अल-अधा (त्यागको उत्सव) मा तिनीहरूलाई आवश्यक हुन्छ। मुस्लिमहरूले ऐतिहासिक रूपमा आफूहरूलाई थोरै मात्र समस्या भएतापनि व्यापक रूपमा स्वतन्त्र भएर आफ्नो आस्थाको प्रयोग गर्नसक्छन् र तिनीहरू बढ्दो हिन्दु राष्ट्रवादीहरूको प्रभाव र मुस्लिम विरूद्धको विचार प्रति चिन्तित छन्। मुस्लिम समुदायले यो पनि रिपोर्ट गर्यो कि सरकारले अघिल्ला वर्षभन्दा पछिल्लो वर्ष आफ्ना गतिविधिहरूलाई नजिकैबाट नियालेको ठानेका छन्।

***बौद्धहरूका चिन्ताहरू:*** नेपालमा भएका बौद्धहरूले ऐतिहासिक रूपमा आफूहरूले सरकारको कुनै हस्तक्षेप बिना स्वतन्त्र रूपमा व्यवहार गर्न र पूजा गर्न सक्षम भएको प्रतिवेदन गरेका छन्। तथापि, समुदायले नोट गरेको छ कि तिब्बतको मामिलाहरूमा चीनको भिन्न अवस्थाहरूको कारण सरकारले तिब्बतबाट भागेका बौद्ध वा चीनबाट नेपाल भागी आएका वा धार्मिक अभ्यासहरूको लागि नेपालको बाटो हुँदै भारत जाने बौद्धलाई नेपाली बौद्धलाई भन्दा भिन्नै तरिकाले व्यवहार गर्छन्। बौद्ध समुदायले यो पनि बताउछन् कि चीनले नेपाललाई दलाई लामालाई अस्वीकार गर्न र नेपालमा आप्रवाशी बन्न चाहने तिब्बत बौद्ध वा नेपाल यात्रा गर्न चाहने वा धार्मिक अभ्यासहरूका लागि भारत जान चाहने बौद्धलाई पहुँच अस्वीकार गर्छ। उदाहरणका लागि, नोभेम्बर 2016 मा नेपाल हुँदै भारत जान लागेका 41 जना तिब्बत बौद्धहरूलाई नेपाल सरकारले पक्राउ गरी चीनलाई बुझाएको थियो। यसको अतिरिक्त, बौद्ध समुदायले प्रतिवेदन गर्छन् कि नेपाल सरकारले नेपालमा प्रवेश गर्ने तिब्बत बौद्धलाई जाँचहरू धेरै बढाएको छ र केही अवस्थाहरूमा तिनीहरूलाई प्रवेश गर्न अस्वीकार गर्छ।

***हिन्दु दलितका चिन्ताहरू:*** एउटा हिन्दु जातिले अर्को हिन्दु जातिलाई भेदभाव गर्न अन्य व्यक्तिहरू विरूद्ध हुने भेदभाव गर्ने गैर-कानूनी हुन्छ भन्ने संवैधानिक प्रावधानहरू छन् र शिक्षा नि:शुल्क र सबै जातिलाई खुला भए तापनि हिन्दु दलितहरूलाई उच्च जातिका हिन्दु राष्ट्रवादीहरूद्वारा विशेष गरी नेपालको ग्रामीण भेगमा महत्त्वपूर्ण सामाजिक विभेद, बहिष्कार, उत्पीडनको सामना गर्नुपरेको छ।